कार्यविधि नं. १
कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०३/१०

आठराई त्रिवेणी गाउँपालिका
कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

# आठराई त्रिवेणी गाउँपालिका
# निःशूल्क विद्युत महशुल भुक्तानी गर्ने सम्बन्धी कार्यविधि, २०७९

आठराई त्रिवेणी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
हाङपाङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

दिपेन्द्र पोमू
अध्यक्ष



Scanned with OKEN Scanner

## आठराई त्रिवेणी गाउँपालिकाको विद्युत महशुल भुक्तानी गर्ने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना

आठराई त्रिवेणी गाउँ कार्यपालिकाको आ.ब २०७९/८० का लागि मिति २०७९/०३/१० गते बसेको गाउँसभाबाट गाउँपालिका भर निःशूल्क विद्युत उपलब्ध गराउने भनि वार्षिक बजेटमा उल्लेख भएको योजनाको भावना एवं मर्म अनुरुप गाउँपालिका भर (उद्योग कलकारखाना तथा संघसंस्था एवं सरकारी कार्यालय बाहेक) निःशूल्क विद्युत वितरण गराउन कार्यविधि बनाई लागू गर्न वाञ्छनीय देखिएकोले आठराई त्रिवेणी गाउँपालिका क्षेत्रको समग्र वडामा निःशूल्क विद्युत वितरण तथा व्यवस्थापन गर्न देहायका शर्त बमोजिम गर्न गराउने गरी आठराई त्रिवेणी गाउँ कार्यपालिकाको मिति २०७९/०३/१० गतेको बैठकबाट स्विकृत गरी कार्यविधि कार्यान्वयनमा ल्याइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "आठराई त्रिवेणी गाउँपालिकाको विद्युत महसुल भुक्तानी सम्बन्धी कार्यविधि, २०७९" रहेको छ। यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

क) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनि पर्दछ।

ख) **'नियमावली'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

ग) **'गाउँपालिका'** भन्नाले आठराई त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्दछ। सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।

घ) **'गाउँसभा'** भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ङ) **'अध्यक्ष'** भन्नाले आठराई त्रिवेणी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

च) **'उपाध्यक्ष'** भन्नाले आठराई त्रिवेणी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

छ) **'गाउँ कार्यपालिका'** भन्नाले आठराई त्रिवेणी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ज) **'कार्यालय'** भन्नाले आठराई त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

झ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले आठराई त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

ञ) **'प्राधिकरण'** भन्नाले नेपाल विद्युत प्राधिकरण/ अन्तर्गतका कार्यालय सम्झनु पर्दछ।

ट) **'उपभोक्ता'** भन्नाले राष्ट्रिय प्रसारण लाईनको विद्युत प्रयोग गर्ने यस आठराई त्रिवेणी गाउँपालिकाका ग्राहक सम्झनु पर्दछ। सो शब्दले विद्युत सहकारीमा आबद्ध ग्राहक समेतलाई जनाउँदछ।

ठ) **'घरायसी प्रयोग'** भन्नाले विद्युत घरायसी प्रयोजनका लागि प्रयोग गरिने।

दिपेन्द्र पोमू
अध्यक्ष

Scanned with OKEN Scanner

३. विद्युत **महसुलमा लागु हुने शर्तहरु:**

(१) यस आठराई त्रिवेणी गाउँपालिकाका सबै वडाका विद्युत उपभोक्ताको आ.ब २०७८/७९ सम्मको सम्पूर्ण विद्युत महसुल भुक्तानी गरिसकेका ग्राहकलाई यो सुविधा उपलब्ध गराईनेछ । आ.ब २०७८/७९ असार मसान्त सम्मको सम्पूर्ण बिल भुक्तानी नभएका ग्राहकहरुका हकमा बाँकी बक्यौता नेपाल विद्युत प्राधिकरणमा भुक्तानी गरे पश्चात मात्र लागु हुनेछ ।

(२) उद्योग कलकारखाना संघसंस्था सरकारी तथा गैरसरकारी कार्यालय पसल व्यवसाय प्रयोग ग्राहकहरुलाई यस सुविधा उपलब्ध हुने छैन ।

(३) विद्युत प्रयोगकर्ता आम उपभोक्ताले अनुसुची -१ को ढाँचा अनुसार स्व-घोषणा गर्नुपर्नेछ ।

**४. भुक्तानी विधि:**

(१) मासिक रुपमा प्राधिकरणले दफा ३ को उपदफा(१) र (२) बमोजिमका ग्राहकको मासिक महसुलको एकमुष्ट भुक्तानी गर्नुपर्ने रकम उपलब्ध गराए पश्चात गाउँपालिकाको कार्यालयले उक्त महसुल प्राधिकरणलाई मासिक रुपमा वा अग्रिम बुझाउन सकिनेछ ।

(२) महसुल भुक्तानी यस कार्यविधि लागु भए पश्चात एक आर्थिक वर्षको उपभोक्ताको सम्पूर्ण महसुल भुक्तानी गर्न सकिनेछ ।

**५. अनुगमन समिति:**

(१) गाउँ कार्यपालिकाका निःशूल्क विद्युत सञ्चालनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपशिल बमिजिमको अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाअध्यक्ष | - संयोजक |
| (ख) कार्यपालिका सदस्य | - सदस्य |
| (ग) वडा सदस्य | - सदस्य |
| (ङ) वडा सचिव | - सदस्य-सचिव |

**६. असुल उपर र कारबाहीको दायरा:**

१) उपभोक्ताले प्राप्त निःशूल्क विद्युत बदनियत पूर्वक घरायसी प्रयोजन देखि बाहेकमा प्रयोग गरेमा वा विद्युत चुहावट गरेमा दफा ५ को अनुगमन समितिको सिफारिसमा चुहावट बराबरको विगो गाउँपालिकाले माग दाबी गर्न सक्ने छ र सो कार्यका लागि अनुगमन समितिले लिखित रुपमा प्रतिवेदन तथ्यका आधारमा दिनुपर्नेछ ।

७. आर्थिक प्रशासनः

१) आर्थिक प्रशासन शाखाले निःशूल्क विद्युत वितरणको उपभोक्ताको लगत र भुक्तानी भएको श्रेष्ता चुस्त, दुरुस्त र कारोबारको पुष्टाई गर्ने कागजात संलग्न गरी राख्नुपर्ने र लेखा परिक्षण गराउनुपर्नेछ ।

८. विविधः

यो कार्यविधि अनुरुप पाउने सुविधा नेपाल सरकार तथा प्रदेश सरकारले निर्णय गरेको अवस्थामा वा प्रचलित कानुन वा निर्णय भए सोही बमोजिम हुने ।

दिपेन्द्र पोमू
अध्यक्ष

Scanned with OKEN Scanner

## अनुसूची-१

(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

मिति: २०७...../......./........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
आठराई त्रिवेणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
हाङपाङ, ताप्लेजुङ।

बिषय:- स्व घोषणा सम्बन्धमा।

प्रस्तुत बिषयमा यस आठराई त्रिवेणी गाउँपालिका वडा नं. .......................................... स्थायी ठेगाना भएको म/हामी ............................................................ लाई निःशुल्क विद्युत सुविधा अन्तर्गत योग्य भएको र मेरो/हाम्रो घरायसी प्रयोजन देखि बाहेक कुनै पनि अन्य प्रयोजनका लागि विद्युत सुविधा नलिने व्यहोरा अवगत गराउँदै अन्यथा भएमा गाउँपालिका कार्यालयले माग दाबि गरेको विगो असुल उपर गर्न सक्ने भनि स्व घोषणा गर्दछु।

निवेदक

| क्र. सं. | नाम, थर | ठेगाना | नागरिकता नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

अध्यक्ष

Scanned with OKEN Scanner